# भाग ५

## नेपाल सरकार

## खानेपानी मन्त्रालयको

## सूचना

नेपाल सरकारले खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा ३६ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी फोहोरपानी प्रशोधन केन्द्रबाट प्रशोधन भई उत्सर्जन हुने प्रशोधित फोहोरपानीको मापदण्ड देहाय बमोजिम तोकेकोले यो सूचना प्रकाशन गरिएको छः-

१. फोहोरपानी प्रशोधन केन्द्रबाट प्रशोधन भई उत्सर्जन हुने प्रशोधित फोहोरपानी नदी-नाला, ताल तलैया र जलाशयमा मिसाउँदा वा सार्वजनिक जग्गामा निष्काशन गर्दा देहाय बमोजिमको मापदण्ड कायम गर्नु पर्नेः-

| पारामितिहरू **(Parameters)** | एकाइ **(Unit)** | अत्याधिक सघनन् सीमा **(Concentration not to exceed)** | विश्लेषण विधिहरु **(Analysing Methods)** |
|---|---|---|---|
| pH | Standards Units | 6.0- 9.0 | 4500-HB, APHA* 22nd edition |
| Total Suspended Solids (TSS) | mg/L | 60 | 2540 D, APHA 22nd edition |
| Biological Oxygen Demand ($BOD_5$) | mg/L | 50 | 5210 B, APHA 22nd edition |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| Chemical Oxygen Demand (COD) | mg/L | Monitor and report only | 5220, APHA 22nd edition |
| E. coli | CFU/100 mL | 1000 | 9222, APHA 22nd edition |

* **APHA:** America*APHA: American Public Health Association

२. फोहोरपानीको परीक्षण गर्नको लागि फोहोरपानी प्रशोधन केन्द्र भन्दा अगाडि वा पछाडिबाट लिईने नमूना सङ्कलन विधि देहाय बमोजिम हुनेः-

| नमुना छनौट गर्ने विधिहरु **(Sampling Methods)** | निर्धारित ISO गुणस्तर नम्बर **(Prescribed ISO Standard Numbers)** |
|---|---|
| Guidance on the design of sampling programs | 5667(1) |
| Guidance on sampling techniques | 5667(2) |
| Guidance on the preservation and handling of samples | 5667(3) |
| Guidance on sampling of wastewaters | 5667(10) |

३. कुनै पनि ढल प्रणाली वा दिसाजन्य लेदो प्रशोधन नगरी जमिनमा वा पानीको स्रोत प्रदुषण हुने गरी विसर्जन गर्न नपाइने ।

४. कुनै पनि अस्पताल, उद्योग तथा कलकारखानाबाट निष्काशन हुने फोहोरपानी ढल प्रणालीमा मिसाउँदा वन तथा वातावरण मन्त्रालयले तोकेको मापदण्ड बमोजिम हुनु पर्ने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**द्रष्टव्यः** यस मापदण्डको प्रयोजनको लागि,-

(क) "फोहोरपानी" भन्नाले खानेपानीको घरेलु तथा संस्थागत उपयोग पश्चात निष्काशन हुने मानव मलमूत्र सहित वा रहित फोहोरपानी सम्झनु पर्छ र सो शब्दले फोहोरपानीसँग मिसिएर आउने वर्षातको पानीलाई समेत जनाउँछ।

(ख) "फोहोरपानी प्रशोधन केन्द्र" भन्नाले मानव मलमूत्र जन्य लेदो प्रशोधन केन्द्र वा फोहोरपानी प्रशोधन केन्द्र वा एकीकृत (Integrated) प्रशोधन केन्द्र सम्झनु पर्छ।

**आज्ञाले,**
**ई.मणिराम गेलाल**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.१५।-
गो.हु.द.नं. १६।२०६२।६३

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।